राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय

मिति २०८० चैत्र १९ गते सोमबार विहान ८:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब.२०८०/०८१ को एघारौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् :

निर्णय नं. १:

यस गाउँ कार्यपालिकाको यस आ.ब. २०८०/०८१ को दशौं बैठकको निर्णयहरुको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकि निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

चालु आर्थिक बर्षको हालसम्म भएको क्षेत्रगत खर्च विवरण र समग्र आय व्यय विवरण माथि छलफल गरियो ।

निर्णय नं. ३:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ मा भएको व्यवस्था बमोजिम संघीय सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को अधीनमा रहि *राक्सिराङ्ग गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८०* स्वीकृत गरी जारी गर्ने ।

निर्णय नं. ४:

बाल बालिकाको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ६० अनुसार यस गाउँपालिकामा गठन हुने स्थानीय बाल अधिकार समितिको कार्यलाई नियमित र व्यवस्थित गर्न *राक्सिराङ्ग गाउँपालिकाको बाल अधिकार समिति संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०* स्वीकृत गरी जारी गर्ने ।

निर्णय नं. ५:

यस गाउँपालिकाको चालु आर्थिक बर्ष २०८०/०८१ भित्र कार्यपालिकाको दशौं वैठकपश्चात हालसम्म सम्पन्न विभिन्न २५ वटा योजना तथा कार्यक्रमहरुको फरफारक तथा रकम भुक्तानी सम्बन्धमा गाउँपालिको फरफारक समितिको विभिन्न मितिमा बसेको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. ६:

राक्सिराङ्ग गाउँपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० बमोजिम गाउँ कार्यपालिकाको कार्यालयबाट पटक पटक करारमा नगर प्रहरी पदपूर्ति गर्ने सम्बन्धी सूचना प्रकाशित भएकोमा महिला नगर प्रहरी जवानको पदमा तोकिएको योग्यता पुगेको उम्मेदवारको दरखास्त नपरेकोले उपरोक्त कार्यविधिको दफा ६ को उपदफा ७ बमोजिम, सूचना प्रकाशन हुँदा दरखास्त पेश गरेका ईच्छुक महिला उम्मेदवारहरुमध्ये बाटै खुल्ला प्रतिस्पर्धाको आधारमा पदपूर्ति प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने ।

निर्णय नं. ७:

राक्सिराङ्ग गाउँपालिकाको निम्नानुसार आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धमा निम्नानुसार परामर्शदाताहरुले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन राक्सिराङ्ग गाउँपालिकाको *संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७* को दफा ७(४) बमोजिम स्वीकृत गर्ने ।

| सि. न | आयोजना/कृयाकलाप | परामर्शदाता संस्था |
|---|---|---|
| १ | चैनपुर बोटबारी रतुवा सडक को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | श्री सहारा ईन्जिनियरिङ्ग कन्सल्टिङ्ग, खैरहनी, पर्सा, चितवन |
| २ | चैनपुर देविटार पाङ्गथली सडक को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | श्री ड्रिम मेकर्स ईन्जिनियरिङ्ग प्रा= लि= बुद्धनगर-१०, काठमाण्डौ |



देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३ | मकवानपुर जिल्ला, राक्सिराङ्ग गाउँपालिकास्थित लोथर खोला क्षेत्रबाट नदिजन्य पदार्थ -ढुङ्गा, गिट्टी, बालुवा_ को दिगो तथा वातावरणमैत्री तवरले संकलन तथा उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | श्री ग्रीन सहारा कन्सल्टिङ्ग एण्ड कन्सट्रक्सन प्रालि= खैरहनी–८, चितवन |

निर्णय नं. ८: विविध

क. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ द्वारा प्रदत्त अधिकार प्रयोग गर्दै यस गाउँपालिकाको चालु आ=ब= २०८०।०८१ को लागि स्वीकृत कार्यक्रमहरुमध्येबाट महिला लक्षित सीपमुलक तालिम कार्यक्रमबाट रु= १,००,००० गाउँपालिकाको तथ्याङ्क संकलन तथा अभिलेख कार्यक्रममा रकमान्तर गर्ने, विस्तृत विद्यालय स्वास्थ्य कार्यक्रम शीर्षकबाट रु= १,००,००० संघ संस्थासँग साझेदारी कार्यक्रम शीर्षकमा रकमान्तर गरी थप गर्ने, सामाजिक विभेद निवारण सम्बन्धी कार्ययोजना निर्माण शीर्षकबाट रु= १,००,००० सामाजिक विभेद निवारण सम्बन्धी सचेतनामुलक कार्यक्रम शीर्षकमा रकमान्तर गरी थप गर्ने ।

ख. चालु आ=ब= २०८०।०८१ को लागि गाउँपालिकामा प्राप्त हुने स्रोतबाट रकम व्यहोर्ने गरी आँपखोल्ची धारा निर्माण योजना राक्सिराङ्ग ५ मा लागत अनुमान बमोजिमको रु ३,००,००० विनियोजन गर्ने । साथै राक्सिराङ्ग गाउँपालिकाको वडा नं २ कुँडुँले सुनारीसौरा झोलुङ्गेपुल सडक चौडा गर्ने कार्यको लागि पेश भएको प्राविधिक मूल्यांकन बमोजिमको रकम गाउँपालिकामा प्राप्त हुने स्रोतबाट रकम व्यहोर्ने गरी उपलब्ध गराउन गाउँकार्यापालिकाको कार्यालयलाई निर्देशन दिने ।

ग. चालु आव २०८०।०८१ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेटमध्ये आई. डि. ए. तर्फको रु. १८३,००० रकम थप भई आएकोले उक्त थप बजेट वडा नं ३ मा सञ्चालित चमेरो गुफा सरसफाई तथा केराबारी जाने बाटो मर्मत तथा साङ्गे छ्योईलिङ्ग गुम्बा जाने कच्ची नाली मर्मत रोजगार योजनामा थप गर्ने गाउँ कार्यपालिका कार्यालयको निर्णय अनुमोदन गर्ने ।

घ. नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, सघन शहरी तथा भवन निर्माण आयोजना, चितवनको मिति २०८०।१२।१५ चलानी नं ८८०को पत्रबाट सिफारिस तथा अनुरोध भई आएअनुसार उक्त आयोजनाको ठेक्का नं PUDBC/CHITWAN/NCB/WORKS/03/079/080 अन्तर्गत निर्माणाधीन संरचनाको लागि आवश्यक बेस पुर्ति गर्न आयोजना अवधिभर श्री एस लामा क्रसर उद्योग प्रा.लि, राक्सिराङ्ग ५ लाई अस्थायी मोबाइल क्रसर संचालनका लागि अनुमती दिने ।

ङ. गाउँपालिकामा विभिन्न संघ संस्थाले गाउँपालिकासँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने गरी पेश गरेको निम्नानुसारको प्रस्तावनाहरु स्थानीय सरकार सञ्चालन ऐनको दफा २५ मा भएको व्यवस्था अनुसार कार्यक्रम स्वीकृत गरी सम्झौताको लागि कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

| सि.नं. | कार्यक्रम | प्रस्तावक संस्था | गापाले व्यहोर्ने बजेट |
|---|---|---|---|
| १ | बालश्रम बालविवाह तथा सामाजिक विभेद न्युनीकरणको लागि सचेतनामुलक कार्यक्रम | राक्सिराङ्ग विकास संस्था | ४,५०,००० |
| २ | किशोरीहरुको लागि आत्मरक्षा तालिम कार्यक्रम | श्री आश्रय नेपाल | २,५०,००० |
| ३ | किशोरी लक्षित मनोपरामर्श तथा विद्यार्थी, अभिभावक र शिक्षक अन्तरकृया कार्यक्रम | रुद्राक्ष समाज नेपाल, बानेश्वर काठमाण्डौ | ३,००,००० |

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

च. "*सेवा पाउने सबैको अधिकार, घर घरमा स्थानीय सरकार*" को मूलमर्मका साथ गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरुलाई वडा तहसम्म पुगी घरघरमा सेवा प्रदान गर्ने कार्यको लागि एकीकृत घुम्ती शिविर साविकको गाविसहरुलाई लक्षित गरी विभिन्न चार स्थानमा संचालन गर्ने ।

छ. २०७२ सालको भूकम्प प्रभावितहरुको आवास पुनर्निर्माणका सम्बन्धमा लाभग्राहीहरुको अन्तिम किस्ता वापतको रकम हालसम्म पनि उपलब्ध हुन नसकेको हुँदा सम्बन्धित कार्यालयलाई अनुरोध गर्ने ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**